आज मिति २०८२।०१।२५ गते दिउसो १ बजे यस लोमन्थाङ गाउँपालिकाका अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा लोमन्थाङ गाउँपालिकामा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

**उपस्थितिः**

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा आङ्ग्या गुरुङ | वडाअध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्ङग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङजेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | पासाङ | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | Kunga | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | छुटिन | छुटिन साङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | सोनम | सोनम आङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | छिरिङ | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | बिकाश के.सी. | प्रशासकीय अधिकृत (सदस्य सचिव) | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |

अन्य उपस्थिति

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १५ | | कमल कंडेल | स. प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | सन्तोषराज शर्मा | सहायक आलेप अधिकृत | लोमन्थाङ गाउँपालिका |
| १७ | | उदयराज शर्मा | सव-इन्जिनियर | लोमन्थाङ गाउँपालिका |

प्रस्तावहरु :

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: भूमी शाखा गठन सम्बन्धमा ।

प्रस्ताव नं. ३: विद्युत महशुल सम्बन्धमा ।

प्रस्ताव नं. ४: कार्यविधि पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५: पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ उपर छलफल गरि यस गाउँपालिका, गाउँकार्यपालिका बैठकले गरेका अघिल्ला कार्यपालिका बैठकहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ उपर छलफल गरि भूमि समस्या समाधान आयोग, मुस्ताङको आयोजनामा सम्पन्न अभिमूखिकरण कार्यक्रम तथा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०८१ बमोजिम तपसिल बमोजिमको भूमि शाखा गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. भूमि शाखा प्रमुखः निदर्शन थकाली, सूचना प्रविधि अधिकृत
२. सदस्य: खिम बहादुर थापा, कम्प्युटर अपरेटर
३. सदस्यः कुंगा दोर्जे गुरुङ, रोजगार सहायक
४. सदस्यः अर्जुन गुरुङ, वडा सहायक

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल गरि यस गाउँपालिकाको लागतमा जोडिएका सडक बत्तिको बिल महशुल पालिका मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल गरि यस गाउँपालिका कृषि र पशु शाखा बाट पेश भएका तपसिल बमोजिमाका कार्यविधिहरु पास गर्ने निर्णय गरियो ।

तपसिल:

बाँझो जग्गामा खेति प्रोत्साहन अनुदान कार्यविधि - २०८२,

विपन्न नागरिकलाई च्याङ्ग्रा वितरण कार्यविधि- २०८२

निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल गरि यस गाउँपालिका स्वास्थ्य शाखा मार्फत सञ्चालनमा रहेको खोप कार्यक्रम सम्पूर्ण स्वास्थ्य चौकी हरुबाट सम्पन्न गरि ५ वटै वडा कार्यालयहरुबाट सम्पन्नताको घोषणाको आधारमा यस गाउँपालिकालाई पूर्ण खोप सूनिश्चित गाउँपालिका घोषणा गर्ने निर्णय गरियो ।